श्री

राजस्व न्यायाधिकरण काठमाण्डौ

इजलास

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

फैसला

२०७५/०७६ सालको निर्णय नं. ६२

पुनरावेदन नं. : ०७४-RB-०१५१

बिजय मेटल इण्डष्ट्रिज प्रा.ली.(स्थायी लेखा नं.६०२३९३२३४) बाँके जिल्ला,नेपालगंज-१३ को तर्फबाट अख्तियार प्राप्त अध्यक्ष संचालक कन्हैयालालबैद्य................................................................ १ } पुनरावेदक

**विरुद्ध**

भन्सार जाँचपास परिक्षण कार्यालय, सुविधानगर, तिनकुने..........................................१ } प्रत्यर्थी

**<u>मुद्दा : भन्सार बर्गिकरण र महसूल निर्धारण समेत ।</u>**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्धय श्री सिताराम अग्रवाल, श्री विनोद कुमार उपाध्याय

प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई

अविलम्वित नजिर : ×

भन्सार जाँचपास परीक्षण कार्यालयबाट जाँचपास पछिको परिक्षण हुँदा मिति २०७४।१२।१६ को निर्णय अनुसार भनी अन्तःशुल्क महसूल तथा मू.अ.कर एवं जरिवाना दाखिला गर्न भएको पत्राचारनुसार भन्सार ऐन २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक बिजय मेटल इण्डष्ट्रिज प्रा.ली. को यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाईका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**<u>मुद्दाको तथ्य</u>**

१. यस कार्यालयको कार्यक्षेत्र अन्तरगतका पैठारीकर्ता श्री बिजय मेटल इण्डष्ट्रिज प्रा.ली. ले नेपालगंज

भन्सार कार्यालयको प्र.द.नं. M १४९५६ मिति (सन्) २०१७।०६।२९ मा पैठारी गरेका मालबस्तुहरुको भन्सार जाँचपास पछिको परीक्षण गर्न छनौट भएको हुँदा उक्त पैठारीसंग सम्बन्धित कागज प्रमाणहरु पेश गर्न भनि यस कार्यालयबाट चं.नं. ७२९ मिति २०७४।१०।०२ को पत्रमार्फत पत्राचार गरीएको देखिन्छ ।

२. उक्त प्रज्ञापन पत्रहरुबाट पैठारी भएका मालबस्तुहरको लागि यस कार्यालयबाट भन्सार जाँचपास पछिको परीक्षणको सिलसिलामा पैठारीकर्ताबाट प्रज्ञापन पत्रसाथ पेश हुन आएका कागजात तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा प्रस्तुत पैठारी कर्ताले कारोबार मूल्य र भन्सार दरबन्दी फरक पारी घटी महशुल दाखिला गरेको देखिएकोले भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा २ र ३ बमोजिम थप महशुल निर्धारण गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा (३ग) बमोजिम पैठारी कर्तालाई मिति २०७४।१२।०१ मा विस्तृत व्यहोरा खुलाई लिखित सूचना जारी गरिएकोमा उक्त पत्र पैठारीकर्ताले मिति २०७४।१२।०१ मा बुझिलिई सोको जवाफ मिति २०७४।१२।१३ मा पेश गरेको देखिन्छ।

३. पैठारीकर्ताले लिखित जवाफमा कुनै ठोस प्रमाण पेश नगरी यस कार्यालयले निर्धारण गरेको महशुल तिर्नु नपर्ने भन्ने आशयको पत्र पेश गरेकोले मिति २०७४।१२।०१ मा जारी गरीएको सूचनामा उल्लेख भए बमोजिम कायम गरीएको थप महशुल निर्धारण मनासिव नै भएको पाइयो। अतः प्रस्तुत पैठारीकर्ताले दाखिला गर्नुपर्ने भन्सार महशुल रु २१,९७५।- तथा भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा २ र ३ बमोजिम सोको शतप्रतिशत जरिवाना रु २१,९७५।- समेत जम्मा भन्सार महशुल रु. ४३,९५०।- अन्तशुल्क रु १००।- तथा सोही ऐनको दफा ३४ को उपदफा ३ बमोजिम सोको शतप्रतिशत जरिवाना रु १००।- समेत जम्मा अन्तःशुल्क रु २००।- र मू.अ.कर. रु १६,०९६।- तथा सोही ऐनको दफा ३४ को उपदफा ३ बमोजिम सोको शतप्रतिशत जरिवाना रु १६,०९६।- समेत जम्मा मू.अ.कर रु. ३२,१९२।- समेत कुल जम्मा रु ७६,३४२।-(अक्षरुपी छयत्तर हजार तीन सय बयालिस मात्र) को भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम महशुल निर्धारण गरी भन्सार जाँचपास परीक्षण कार्यालय, तिनकुने काठमाण्डौको मिति २०७४।१२।१६ को निर्णय पर्चा ।

४. पुनरावेदक विजय मेटल इण्डष्ट्रिज प्रा.लि. ले भारतको सागर पेट्रो केमिकल्स कानपुरबाट पैठारी गरेको मालबस्तु भन्सार संकेत नम्बरमा वर्गिकरण गरी जाँच पासको लागि नेपालगंज भन्सार कार्यालय प्र.द.नं. M १४९५६ पेश गरी मालबस्तुको परीक्षण गरी सोही भन्सार संकेत नम्बरमा नै सन् २०१७।६।२९ मा जाँचपास भएको हो । यस प्रा.लि. ले भन्सार दरबन्दी मूल्य र वर्गिकरणमा फरक पारेको छैन । विपक्षी कार्यालयले उक्त मालबस्तुलाई कुन भन्सार संकेत नम्बरमा वर्गिकरण हुने भनी भन्सार ऐन, २०६४ को दफा ८९ को कानूनी व्यवस्था विपरित अर्कै शिर्षक तोकी ऐ ऐनको दफा ३४ को उपदफा २ र ३ आकर्षित हुने भनी आधार कारण बेगर अर्कै संकेत नं.मा पर्ने भनी मूल्य अभिवृद्धि कर भन्सार महसूल र अन्तःशुल्क र जरिवाना समेत गरी जम्मा रु. ७६३४२।– महसूल निर्धारण गर्ने गरी भन्सार जाँचपास परीक्षण कार्यालय तिनकुनेबाट

मिति २०७४।१२।१६ मा भएको निर्णय गैरकानूनी त्रुटिपूर्ण हुँदा बदर गरी हाम्रो प्रा.लि. ले दाखेल गरेको रकम समेत फिर्ता पाउ भन्ने व्यहोराको पुनरावेदन पत्र ।

**ठहर**

५. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

६. पुनरावेदक विजय मेटल इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताद्धय श्री सिताराम अग्रवाल, श्री विनोद कुमार उपाध्यायले मेरो कम्पनीले भारतबाट सामान पैठारी गर्दा भन्सार संकेत नम्बर वर्गिकरण गरी जाँचपासको लागि नेपालगंज भन्सार कार्यालयमा प्र.द.न. M १४९५६ पेश गरी मालबस्तुको परिक्षण भई सोही संकेत नं.बाट मालबस्तु जाँचपास भएको हो । मेरो कम्पनीले भन्सार दरबन्दी, मूल्य, संकेत नम्बर र वर्गिकरणमा फरक परेको छैन । विपक्षी कार्यालयबाट भन्सार संकेत नम्बर फरक परेको भनी भन्सार महसूल, मूल्य अभिवृद्धि कर , अन्तःशुल्क र जरिवाना समेत गरी रु. ७६३४२।– कायम गरेको मिलेको छैन । सो मिति २०७४।१२।१६ को निर्णय बदर गरी मेरो कम्पनीले दाखिला गरेको रु. ७६३४२।– फिर्ता पाउनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

७. त्यसैगरी प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान शाखा अधिकृत श्री अन्चन भट्टराईले पुनरावेदक कम्पनीले भारतबाट सामान पैठारी गर्दा नेपालगंज भन्सार कार्यालयमा पेश भएको संकेत नं. नै फरक परेको प्रतिवेदनबाट देखिएको छ । फरक संकेत नं. देखाई मालबस्तु भन्सार कार्यालयबाट जाँचपास भएको देखिदा पुनरावेदक कम्पनीबाट भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा (२)(३) बमोजिम भन्सार महसूल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र सो बमोजिमको जरिवाना समेत गरी जम्मा रु. ७६३४२।– निर्धारण गरेको मिलेको हुँदा शुरु कार्यालयबाट भएको निर्णय सदर हुनु पर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

८. यसमा पुनरावेदक विजय मेटल कम्पनीले सन् २०१७।६।२९ मा भारतबाट पैठारी गरेको मालबस्तुको नेपालगंज भन्सार कार्यालयमा जाँच पासको लागि प्र.द.नं. M १४९५६ पेश गरी नेपालगंज भन्सार कार्यालयबाट मालबस्तुको जाँच गरी Iron Tawa संकेत नं. ७३२३.९१.००, Ms Round संकेत नं. ७२२८.४०.०० र Machine Robber Roll संकेत नं. ८४५५.३०.००बाट जाँचपास भएकोमा Ms Round को संकेत नं. ७२१४.९९.९० र Machine Robber Roll को संकेत नं. ४०१६.९९.१० भई फरक परेको भनी भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुने काठमाडौंबाट पुनरावेदक कम्पनीबाट भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा २ र ३ बमोजिम भन्सार महसूल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र सो बमोजिमको सतप्रतिशत जरिवाना समेत गरी जम्मा रु. ७६३४२।– असुल गर्ने गरी मिति २०७४।१२।१६ मा भएको निर्णयमा चित्त नबुझाई विपक्षी कार्यालयबाट निर्धारण भएको भन्सार महसूल तिर्नु बुझाउनु पर्ने होइन, सो निर्णय बदर गरी दाखिला गरेको रु. ७६३४२।– भन्सार महसूल समेत फिर्ता पाउनु पर्दछ भन्ने जिकिर सहित पुनरावेदकको तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ ।

९. प्रस्तुत मुद्दाको प्राप्त शुरु मिसिल र पुनरावेदन पत्र अध्ययन गरी उपरोक्तानुसारको विद्धान अधिवक्ताद्वय एवं विद्धान सरकारी वकिलको बहस सुनी सकेपछि अव शुरुको निर्णय मिलेको छ वा छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन ? भन्ने तर्फ निम्नानुसार निर्णय दिनुपर्ने देखिन आयो ।

१०. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक प्रा.लि. ले सन् २०१७।६।२९ मा भारतबाट पैठारी गरेको मालबस्तु भन्सार जाँचपासको लागि प्र.द.नं. M१४९५६ बाट भन्सार कार्यालय नेपालगंजमा पेश हुँदा मालबस्तुको परीक्षण भई पुनरावेदक कम्पनीले उल्लेख गरेको संकेत नं., वर्गिकरण र मूल्यमा नै भन्सार जाँचपास भएको देखिन्छ । पुनरावेदकले जाँचपासको लागि नेपालगंज भन्सार कार्यालयमा पेश भएको प्रज्ञापनपत्र नं. M१४९५६ मा Iron Tawa संकेत नं. ७३२३९१.००, Ms Round संकेत नं. ७२२८.४०.०० र Machine Robber Roll संकेत नं. ८४५५.३०.०० उल्लेख भएको र सोही बमोजिम नेपालगंज भन्सार कार्यालयबाट मालबस्तुको परीक्षण भई जाँचपास भएको देखिन्छ । विपक्षी भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुने काठमाडौंले छनौट गरी परिक्षण गर्दा, पुनरावेदक कम्पनीले भन्सार कार्यालयमा पेश गरेको Ms Round को संकेत नं. ७२१४.९९.९० र Machine Robber Roll को संकेत नं. ४०१६.९९.१० भई संकेत नं. फरक परेको देखिन्छ । सो सम्बन्धमा पुनरावेदक कम्पनीसँग जवाफ माग गर्दा कम्पनीको तर्फबाट पेश भएको लिखित जवाफ हेर्दा फरक पर्नु नपर्ने भन्ने कुनै तथ्य युक्त ठोस सबुत प्रमाण पेश दाखिल हुन सकेको पनि देखिंदैन । केवल विपक्षी कार्यालयबाट निर्धारण भएको महसूल तिर्नु बुझाउनु पर्ने होइन भन्ने आसय उल्लेख भएको देखिन्छ । यो यसरी फरक पर्न गएको भनी पुनरावेदकले स्पष्ट रुपमा दावी जिकिर गरी सोको पुष्ट्याई समेत गर्न सकेको अवस्था छैन ।

११. भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा २ मा “(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा पैठारीकर्ताले पैठारी गरेका मालवस्तु निजले घोषणा गरेकोभन्दा भिन्न मालवस्तु पाइएमा वा निजले गरेको घोषणा अनुरुप नभएको देखिएमा वा कारोबार मूल्य वा मालवस्तुको परिमाण घटी घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असूल भएको देखिएमा भन्सार अधिकृतले त्यसरी घटी भएको मूल्य वा परिमाणमा पैठारी हुँदाका बखत लाग्ने महसुल निजबाट तत्काल असूल गरी घटी कारोबार मूल्य वा परिमाण घोषणा गरे बापत निजलाई यस ऐन बमोजिम कारबाही गर्नेछ तर घटि कारोबार मूल्य घोषणा गरेकोमा लाग्ने महसूलको शतप्रतिशत जरिवाना गर्नेछ ।” भनी र ऐको उपदफा ३ मा “(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको वर्गीकरणको उपशीर्षक फरक परेको कारणले कम महसुल असूल भएको देखिएमा त्यस्तो कम महसुल रकम सम्बन्धित भन्सार कार्यालयले पैठारीकर्ताबाट तत्काल असूल गर्नेछ ।” भनी उल्लेख भएको पाइन्छ । साथै दफा ३४ को उपदफा (२) बमोजिम कारोबार मूल्य फरक परेमा र उपदफा (३) बमोजिम मालबस्तु वर्गिकरण उपशिर्षक फरक परेमा लाग्ने महसूलको शतप्रतिशत जरिवाना लाग्ने कानूनी व्यवस्था रहेको पाइन्छ । सो कानूनी व्यवस्था बमोजिम पुनरावेदकबाट भन्सार महसूल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र सो बमोजिमको सतप्रतिशत जरिवाना समेत गरी जम्मा रु. ७६३४२।— असुल गर्ने गरी मिति २०७४।१२।१६ मा भएको थप महसूल निर्धारण सम्बन्धी आदेशलाई अन्यथा गर्नु पर्ने देखिंदैन । थप महसूल तिर्नु बुझाउनु पर्ने होइन भन्ने पुनरावेदकको पुनरावेदन जिकिर र सोको समर्थनमा बहस गर्नु हुने विद्धान अधिवक्ताको बहस जिकिर समेतसँग सहमत हुन सकिएन ।

१२. अतः यसमा स्थायी लेखा नं. ६०२३९३२३४ भएका पुनरावेदक करदाता विजय मेटल इण्डष्ट्रिज प्रा.लि. का हकमा भन्सार जाँचपास परीक्षण कार्यालय तिनकुने, काठमाण्डौबाट भएको मिति २०७४।१२।१६ को निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...........................................................................................................१

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू.............................................................................................२

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

**फैसला तयार गर्ने**

शाखा अधिकृतः लेख बहादुर कोइराला

टाइप गर्नेः प्रदिप तिवारी

इति सम्वत् २०७५ साल पुस महिना २९ गते रोज १ शुभम् ..........................